**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ११ मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. लोकसभा चुनावको चौथो चरणको प्रचार आज साझ ६ बजे समाप्त भयो। यस चरणको १३ मईमा १० राज्यका ९६ लोकसभा सीटको मतदान हुनेछ।

२. भारतीय चुनाव आयोगले पश्चिम बंगालमा शांतिपूर्ण अनि निष्पक्ष चुनाव सुनिश्चित गर्नका लागि आगामी चार चरणहरुका लोकसभा चुनावहरुमा प्रारंभिक कार्रवाई फर्मूला अपनाउने भएको छ।

३. दक्षिण एशियाई क्षेत्रीय सहयोग संगठन-सार्कका महासचिव मोहम्मद गोलाम सरवर भारतको आफ्नो पहिलो आधिकारिक यात्रामा नई दिल्ली आइपुग्नु भएको छ।

४. दार्जिलिङ जिल्ला अस्पतालको ओपिडी (OPD) टिकट अनलाइन माध्यमद्वारा काट्न सकिनेछ।

५. पश्चिम बंगालको राजधानी कोलकाता समेत राज्यका अन्य भागहरूमा आगामी दुई-तीन दिनसम्म वर्षा हुने सम्भावना रहेको छ।

**चौथो चरण-चुनाउ**

देशमा सात चरणमा भइरहेको आम चुनाउको चौथो चरणको प्रचारको आज अन्तिम दिन हो। साझँ छह बजे प्रचार समाप्त हुनेछ। यस चरणमा १३ मईमा १० राज्यका ९६ लोकसभा सीटमा मतदान भइरहेछ।आम चुनाउको पहिलो, दोस्रो र तेस्रो चरणको मतदान पुरा भइसकेको छ। तेस्रो चरणमा ११ राज्य र केन्द्र शासित प्रदेशहरूका ९३ सीटहरुमा मतदान प्रतिशत औसतन ६४ प्रतिशत रह्यो। चौथो चरणमा आन्ध्र प्रदेश, बिहार, जम्मू - कश्मीर, झारखण्ड, मध्य प्रदेश, महाराष्ट्र, ओडिशा, तेलंगाना, उत्तर प्रदेश र पश्चिम बंगालमा मतदान हुनुछ। कूल १७१७ उम्मेदवार चुनावी मैदानमा छनू। यी क्षेत्रहरुका जनताको फैसला आगामी१३ मईमा ईवीएममा बन्द हुनेछ।पाँचौं चरणमा २० मईको दिन ४९, छैठौं चरणमा २५ मईमा ५७ अनि सातौं चरणमा ०१ जूनमा लोकसभाको ५७ सीटहरुमा मतदान हुनेछ। मतगणना ०४ जूनमा हुनेछ।

****** ० ******

**चुनाव आयोग बंगाल**

भारतीय चुनाव आयोगले पश्चिम बंगालमा शांतिपूर्ण अनि निष्पक्ष चुनाव सुनिश्चित गर्नका लागि आगामी चार चरणहरुका लोकसभा चुनावहरुमा प्रारंभिक कार्रवाई फर्मूला अपनाउने भएको छ। मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयको सूत्रले यस प्रारंभिक कार्रवाई फर्मूला बारे जानकारी दिदै- यो रणनीति बहुआयामी हुने बताउनुभयो। यस अन्तर्गत केंद्रीय सशस्त्र पुलिस बल (सीएपीएफ)ले मतदान शुरू हुन भन्दा अघि मतदान केन्द्रहरुको परिधिमा एक विशिष्ट क्षेत्र भित्र राजनीतिक दलहरुका समर्थकहरुको अनावश्यक जमघटको अनुमति दिनेछैन।सूत्रले बताएअनुसार, ष्यो प्रक्रिया ती व्यक्तिहरुका लागि एक चेतावनी हुनेछ जो चुनावको समयमा कुनै पनि प्रकारले स्थिति बिगार्ने प्रयास गर्न बारे सोचिरहेका हुन्छन। दोस्रो, प्रभावशाली स्थानीय राजनेताहरुको लगातार निगरानी गरिनेछ ताकि उनीहरु मतदान केन्द्रहरु नजिक आफ्ना सहयोगिसित लामो समयसम्म एकत्रित हुन नसकुन किनभने यसो गर्नाले क्षेत्रमा विवाद अनि तनाव उत्पन्न हुन सक्छ। तेस्रो, ती अपराधीहरु जसले पहिलो चेतावनीलाई गंभीरतासित लिदैनन् उनीहरुलाई दिनभरिको लागि हिरासतमा लिनेछ अनि मतदान पुरा हुनु ठीक एक घण्टा पुर्ब छोडी दिनेछ ताकि उनीहरुले आफ्नो वोट हाल्न सकून। सी ई ओ कार्यालयको अन्तरिक शुत्रहरुले बताए अनुसार प्रारंभिक कार्रवाई फर्मूलाका यी तीन पहलहरु सात मईमा भएको चुनावको तेस्रो चरणमा एक सीमित सीमा सम्म लागू थियो। त्येस दिन जंगीपुर अनि मुर्शिदाबादमा चुनावको समय जब हिंसा बढ्न थाल्यो तब यस नियमलाई लागू गरिएको थियो। शुत्रहरुले बताए अनुसार, ष्चौथो चरणदेखि यो फहर्मूला अधिक विस्तृत अनि कठोरता सित लागू गरिनेछ।

****** ० ******

**प्रधानमन्त्री-ओडिशा**

भाजपाका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले ओडिशाको कन्धमालमा आज चुनावी जनसभालाई सम्बोधित गर्नुहुदै भन्नुभयो- यो चुनाउले ओडिशाको जनताको निम्ति धेरै महत्व राख्दछ। उहाले भन्नुभयो, तपाईको हरेक भोट ओडिशाको विकास र समृद्ध भारतको निम्ति महत्वपूर्ण छ। तपाईको एक भोटले भाजपा सरकारलाई सक्षम बनाउनेछ।

प्रधानमन्त्री मोदीले राजस्थानको पोखरणमा बर्ष १९९८ को ११ अनि १३ मईमा गरिएको परमाणु परीक्षणलाई स्मरण गर्दै भन्नुभयो- आजभन्दा २६ वर्षअघि अटल बिहारी वाजपेयी सरकारले परमाणु परीक्षण गरेर विश्वलाई भारतको शक्तिको परिचय दिएका थिए। कांग्रेसले बारम्बार आफ्नै देशलाई डर देखाउने प्रयास गरिरहेको उहाले आरोप लगाउनुभयो। मणिशंकरको 'जोगिएर हिँड़, पाकिस्तानसित पनि एटम बम छ' भन्ने बयान माथि श्री मोदीले भन्नुभयो पाकिस्तानको स्थिति यस्तो छ कि यसलाई कसरी राख्नु उसलाई थाहा छैन र आफ्नो बम बेच्न उसले मान्छे खोजिरहेछ तर कोहीपनि त्यसलाई किन्न राजी छैन किनभने सबैलाई उसको गुणवत्ताबारे थाहा छ। यो चुनाउ ओडिशाका जनताको निम्ति धेरै महत्वपूर्ण छ।उल्लेखनीय छ, ओडिशामा लोकसभा चुनाउका साथै विधानसभा चुनाउ हुन गइरहेकोछ। र्‍यालीमा एकत्र भएको भीड़सित खुल्ला संवाद गर्दै प्रधानमन्त्रिले भन्नुभयो, भाजपाले विकास र विरासत दुवैमा विश्वास राख्दछ। भाजपा शासनमा देशले अयोध्यामा राम मन्दिरको निर्माणको साथै ५०० वर्षको आकांक्षा पूरा गरेको छ।

****** ० ******

**सन्देशखाली**

पश्चिम बंगालको सन्देशखाली क्षेत्रमा सत्तारूढ़ पार्टी तृणमूल कंग्रेसका कार्यकर्ताहरूलाई बन्दुकसितै पक्राउ गरिएको छ। दाबी छ, हिज मध्य राती क्षेत्रमा ती मानिसहरू बन्दुक बोकेर घुमिरहेको दाबी गरिएको छ। उद्देश्य चुनाउको समयमा हतियारको बलमा हिंसा फैलाउनु उनीहरुको उद्देश्य रहेको बताईएको छ। यसको सुइँको पाउनसाथ भारतीय जनता पार्टी (भाजपा)- का कार्यकर्ताहरूले उनीहरूलाई घेरेपछि पुलिसलाई सूचना दिए। त्यसपछि तृणमूल कार्यकर्ताहरूलाई पक्राउ गरिएको छ।भाजपाको पश्चिम बंगाल एकाईका सहप्रभारी अनि आई टी सेलका प्रमुख अमित मालवीयले आज यस घटनाबारे माइक्रो ब्लगिंग साइटमा, फर्जी स्टिंग अनि छेड़छाड़ गरिएको भीडियो फैलाएपछि तृणमूल कंग्रेसले नयाँ हतकण्डा अप्नाएको बताउनुभएको छ। सन्देशखालीका महिलाहरूलाई क्यामरा अगाड़ि भाजपा नेताहरूविरूद्ध बोल्नको लागि धम्काएर बाध्य बनाएको, मानिसहरूबाट घूस लिने प्रया गरेको तथा यी सबै प्रयासहरूबाट आन्दोलनलाई बदनाम गराउन असफल भएपछि ममता ब्यनर्जीको पार्टी अब नियन्त्रणदेखि बाहिर गएको र अब उनीहरू हतियार लिएर हिंड़ेको श्री मालवीयले बताउनुभएको छ। तृणमूलले चुनावी हार असहनीय हुन्छ भन्ने कुरा थाहा पाएपछि सबै प्रकारको आतंकको सहारा लिईरहेको उहाले अझ बताउनुभएको छ।

****** ० ******

**सार्क महासचिव-भारत यात्रा**

दक्षिण एशियाई क्षेत्रीय सहयोग संगठन-सार्कका महासचिव मोहम्मद गोलाम सरवर भारतको आफ्नो पहिलो आधिकारिक यात्रामा नई दिल्ली आइपुग्नु भएको छ। विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालले सामाजिक संजाल मार्फत भन्नुभएको छ- यो दक्षिण एशियामा सहयोगलाई अझ बलियो बनाउने अवसर हो। श्री सरवर भारतको पांच दिने यात्रामा हुनुहुन्छ। यस अवधि उहाँले  धेरै बैठकहरुमा भाग लिनुहुनेछ द्य विदेश मंत्रालय अनुसार, श्री सरवरले विदेश राज्य मंत्री डह्. राजकुमार रंजन सिंह और विदेश सचिव विनय मोहन क्वात्रा तथा जयदीप मजूमदार सित भेट गर्नुहुनेछ । उहाले श्सार्क को भविष्यश विषय माथि तेस्रो शक्ति "सिन्हा मेमोरियल" व्याख्यानलाई संबोधित गर्नुहुनेछ। उहाको दक्षिण एशियाई विश्वविद्यालयको भ्रमण गर्ने कार्यक्रम पनि रहेको छ।

****** ० ******

**दार्जीलिंग ओपिडी**

दार्जिलिङ जिल्ला अस्पतालको ओपिडी (OPD) टिकट अब अनलाइनमा काट्नु सकिने भएको छ। प्राप्त जानकारी अनुसार wbhealth.gov.in मार्फत टिकट काट्न सकिने छ। ओपिडी बूकिंग सोमबार देखि शुक्रबारसम्म विहान ८ बजेदेखि दिउसो २ बजेसम्म गर्न सकिने छ भने शनिबार  १२ बजेसम्म गर्न सकिने बताईएको छ।

****** ० ******

**दार्जीलिंग चियाबारी तनाव**

दार्जीलिंगको पान्दाम चियाबारीको मालिक पक्षले स्टाफ,सव स्टाफ लगायत अन्य ग्रेडका कर्मचारीहरूलाई  समेत चियापत्ती टिप्ने निर्देश दिएपछि स्थिति तनावपूर्ण बन्यो। उक्त विषयलाई केन्द्र गरेर न्यायको मागमा कमानवासी धरनामा बसेको जानकारी फिल्ड एसिस्टेन्ट मिलन प्रधानले जानकारी दिनु भएको छ। स्मरण रहोस, गत डिसम्बर महिनामा डिएलसीमा बसेको सभाले पान्दाम चियाबारी अञ्जली ट्रेडर्सको स्वामीत्वमा रहने तथा पछिल्लो समयको ग्र्याच्युटी लगायतका समस्या समाधान गरिने घोषणा गरिएको थियो।

****** ० ******

**अजय एडवार्ड लद्दाख**

हाम्रो पार्टी अध्यक्ष अजय एडवार्डले छैटौ अनुसूचीको मागमा ६८ दिनसम्म लद्दाखको लेहमा शान्तिपूर्ण धर्ना दिएका सोनम वाङ्गछुकसंग भेट गर्नु भएको छ। भेटघाट कार्यक्रमपछि एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै श्री एडवार्डसले लेख्नु भएको छ, म लद्दाकको जनताको छैटौं अनुसूचीको संवैधानिक मागलाई समर्थन गर्दै आन्दोलन स्थलमा एकबद्धतामा उभिएँ। उहाँ हाम्रो जस्तै कारणको लागि लडिरहेको हुनाले,म त्यहाँ पुगेको हु। म हाम्रा जनता र क्षेत्रको आकांक्षाप्रति प्रतिबद्ध छु। लद्दाखवासीले न्याय नपाएसम्म आफु उनीहरूको साथमा उभिने वचन दिनु हुदै उहाले दिल्लीमा नयाँ सरकार गठन भएपछि लद्दाखी र गोर्खाहरूको अगाडिको बाटो स्पष्ट हुने बताउनु भयो।

****** ० ******

**हात्तीको आक्रमण**

मेटेली खण्डमा हात्तीहरूको आक्रमण निरन्तर जारी छ। हिज राती फेरि पनि हात्तीले खण्डको दुईवटा चिया बगान क्षेत्रमा ताण्डव मच्चाए जसले गर्दा श्रमिकहरूको छःवटा घर क्षतिग्रस्त भएको छ। स्थानीय सूत्र अनुसार हिज अबेर राती खरियार बन्दर जंगलबाट आएको एउटा हात्ती सबैभन्दा पहिला बाताबाड़ी चिया बगानमा पस्यो। खानेकुराको खोजीमा हात्तीले त्यहाँका तीनवटा घरमा आक्रमण गऱ्यो। श्रमिकहरूले लखेटेपछि हात्ती फेरि नजिकैको डांगी डिभीजनको चिया बगानस्थित कुर्ती लाइनतिर भाग्यो। त्यहाँ पनि हात्तीले ताण्डव मच्चाउँदै तीनवटा घरलाई क्षतिग्रस्त बनाइदियो। उल्लेखनीय छ, गत बुधवार राती पनि हात्तीले डांगी डिभीजनको चिया बगानमा चारजना श्रमिकहरूको घरलाई क्षतिग्रस्त बनाइदिएको थियो। यसरी चिया बगान क्षेत्रमा निरन्तर हात्तीले उत्पात मच्चाउन थालेपछि स्थानीय श्रमिकहरू भयभित भएका छन। श्रमिकहरूले राती वन कर्मीहरूलाई क्षेत्रको निगरानी गर्ने माग सहित क्षतिपूर्तिको माग पनि गरेका छन।

****** ० ******

**कालिदास बाबा**

देशको प्रसिध्द कालीदास बाबा महाराज खरसाङ आउने भएको छ। वरिष्ठ पूजारी श्री श्री एक हजार आठ कृष्णानन् कालिदास परमहंस महाराज बाबा आगामी १५ मईको दिन खरसाङ आउने भएको जानकारी प्राप्त भएको छ। उहाँ खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर १६ को श्री श्री सातकन्या देवी एवं माँ कत्यायनी धाम मन्दिरको आयोजनामा भईरहेको नौ दिवसीय पूजाको पहिलो दिन उदघाटन समारोहमा उपस्थित रहने जानकारी मन्दिर निर्माण समितिको महासचिव हेमन्त दर्नाल र कोषाध्यक्ष रमेश प्रसादले जानकारी गराएका छन्।

****** ० ******

**मौसम**

पश्चिम बंगालको राजधानी कोलकाता समेत राज्यका अन्य भागहरूमा आगामी दुई-तीन दिनसम्म वर्षा हुने सम्भावना छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा आज जारी बयानमा बताइएको छ, राजधानी कोलकातामा न्यूनतम तापमान २६.४ डिग्री सेल्सियस छ जुन सामान्यभन्दा एक डिग्री कम हो। अधिकतम तापमान ३०.४ डिग्री सेल्सियस छ जुन सामान्यभन्दा छः डिग्री अधिक हो।

कोलकाता बाहेक हावड़ा, हुगली, उत्तर औ दक्षिण २४ परगना, पूर्व औ पश्चिम मेदिनीपुर, पुरूलिया, बाँकुड़ा समेत राज्यका अन्य भागहरूमा तापमान २४-देखि ३४ डिग्रीबीच कायम रहेको छ। विशेष कुरा के हो भने पछिल्लो हप्ता तापमान ४३ डिग्री सेल्सियसको अधिकतम स्तरसम्म पुगेको थियो। तापमानमा १० डिग्री ह्रास आएको कारणले गर्मीबाट केही राहत अवश्य प्राप्त भएको छ, तर आकाशमा बादल छाएको कारणले बाफिने गर्मी र पसिनाले मानिसहरूको अवस्था बेहाल बनेको छ।

****** ० ******

**खरसाङ आहुति यज्ञ**

खरसाङको वार्ड नम्बर १६ अन्तर्गत उजेरी बस्तीमा अवस्थित श्री श्री सातकन्या देवी एंव माँ कात्यायनी धाम मन्दिरमा ३८ औं नौ दिवसीय चण्डी महायज्ञ एंव लक्ष आहुति यज्ञ अनुष्ठान सम्पन्न हुने भएको छ। आगामी १५ मईदेखि २३ मईसम्म नौ दिवसीय चण्डी महायज्ञ पूजा हुने भएको छ। उक्त नौ दिवसीय पूजा विषयमा आज श्री श्री सातकन्या देवी

एवं माँ कत्यायनी धाम पूजा समितिका पदाधिकारी एवं सदस्यहरुले आहुति यज्ञको पहिलो दिन कलश यात्रा, मण्डप पूजन, मूल चण्डी पूजा पाठ, दुर्गा सप्तशती कथा वाचन, रूद्राभिषेक, माँ कात्यायनी विशेष पिमाम्बरी श्रृंगार, भजन सन्ध्या आदि आयोजना गरिने भएको जानकारी गराएका छन्।

****** ○ ******

**<u>मिरिक गोर्खा हाट</u>**

मिरिकमा पर्यटन मौसम शुरू हुन साथै मिरिक पर्यटन केन्द्रमा पर्यटकहरूको चहल पहल बड्न थालेको छ। मिरिक पर्यटन केन्द्रमा घुम्न आउने पर्यटकहरूको लागि मिरिक कृष्णनगर झील परिसरमा प्रत्येक शनिबार लाग्ने गोर्खा रैथाने हाट मुख्य आकर्षण बन्न पुगेको छ। मिरिक पर्यटन केन्द्रमा घुम्न आउने धेरै पर्यटकहरू हाट भर्न आएको देखिन थालेको छ। हाट संचालन समितिका अध्यक्ष  श्रीदर्शन गुरूङले हाट राम्रोसंग संचालन भइरहेको जानकारी गराँउदै मिरिकमा पर्यटन मौसम शुरू भएपछि पर्यटकहरू पनि हाट भर्न आउन थालेको बताउनु भएको छ।

****** ○ ******